## (आ) धुनिवेशी नगरपालिका क्षेत्र

### १. धुनिवेशी न.पा. वडा नं. ६, ७, ८ र ९ (साविक नौविसे गा.वि.स.)

(क) नौबिसे वडा नं. १(क), १(ख), १(ग), १(घ), २(ग), ६(क), ७(ग), ७(घ), ८(ङ), ९(क) मा पर्ने पृथ्वी राजमार्गको केन्द्रबिन्दु बाट ५० मि. भित्र पर्ने घडेरी प्रयोजनमा आउने दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. १,११,००,०००।-

(ख) माथि (क) मा उल्लेखित नक्सा नं. मा पर्ने त्रिभुवन राजपथ नौविसे पुल्चोक हेटौंडा सडकमा पर्ने सडकको दायाँबायाँ ५० मि. सम्म पर्ने घडेरी प्रयोजनमा आउने जग्गाहरु प्रतिरोपनी रू. ५०,००,०००।-

(ग) नौबिसे ४(क), ४(ङ), ५(क) र ५(घ) मा पर्ने पृथ्वी राजमार्गको केन्द्रबिन्दु बाट ५० मि. सम्म पर्ने घडेरी प्रयोजनमा आउने दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. ६५,००,०००।-

(घ) नौबिसे वडा नं. २(ग), ६(क), ७(छ) मा पर्ने खानीखोला बजार पुरानो सडकमा पर्ने दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. ७२,००,०००।-

(ङ) नौबिसे वडा नं. १(क), १(ख), १(ग), १(घ), २(ग), ६(क), ७(ग), ७(घ), ८(ङ), ९(क) पृथ्वी राजमार्गको ५० मिटर बाहिर बजार तथा आसपास क्षेत्रका भित्रि शाखा सडक, निजी प्लटिङमा खुलेका घडेरी प्रयोजनका जग्गाहरु प्रतिरोपनी रू. २७,५०,०००।-

(च) टायलघरबाट युनाइटेड सिमेन्ट जाने पिच बाटोको दायाँबायाँको जग्गाहरु प्रतिरोपनी रू. २८,२५,०००।-

(छ) अन्य सबै वडामा कच्ची तथा शाखा सडकले छोएको दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. २१,५०,०००।-

(ज) साविक नौबिसे गा.वि.स. ७(क), ७(ख) अन्तर्गत तल्लो बाह्रबिसे देखि मजुवा सम्मको कच्ची तथा शाखा सडकले छोएका दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. ६,००,०००।-

(झ) साविक नौबिसे गा.वि.स. ७(क), ७(ख), ८(क), ८(ख), ८(ग), ८(च), ८(छ) अन्तर्गत धुषेनी, लिखु, गुर्दुम, थली, झाप्रे, केराबारी, सयडाँडा सम्मको कच्ची तथा शाखा सडकले छोएको दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. ६,००,०००।-

(ञ) साविक नौबिसे गा.वि.स. वडा नं. ७(क), ७(ख), अन्तर्गत तल्लो बाह्रबिसे देखी मजुवा सम्मको गोरेटो बाटोले छोएका दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. २,००,०००।-

(ट) साविक नौबिसे गा.वि.स. ७(क), ७(ख), ८(क), ८(ख), ८(ग), ८(च), ८(छ) अन्तर्गत धुषेनी, लिखु, दुर्गुम, थली, झाप्रे, केराबारी सयडाँडा सम्मको गोरेटो बाटोले छोएका दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. २,००,०००।-

(ठ) माथि पृथ्वी राजमार्ग, त्रिभुवन राजपथले छोएका नक्साहरुको गोरेटो बाटोको मुल्य प्रतिरोपनी रू. १०,००,०००।-

(ड) अन्य सबै वडाको गोरेटो बाटोले छोएका दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. ७,००,०००।-

(ढ) नौबिसे वडा नं. २(ख), २(ग), ३(क), ३(घ), ५(ख), ५(ग), ६(ख), ७(क), ७(ख), ८(ग), ९(ख) मा पर्ने खेतीयोग्य जग्गाहरुः

| | |
|---|---|
| खेततर्फ प्रतिरोपनी | रू. ६,२५,०००।- |
| पाखोतर्फ प्रतिरोपनी | रू. २,६०,०००।- |

(ण) अन्य जग्गा (वडा नं. १ देखि ९ सम्म) प्रतिरोपनी रू. ...........

| विवरण | अब्बल | दोयम | सीम | चाहार |
|---|---|---|---|---|
| खेत | २,६०,०००।- | १,५७,०००।- | १,४५,०००।- | ८५,०००।- |
| पाखा | १,००,०००।- | ८५,०००।- | ७२,५००।- | ६०,०००।- |

## १(क). साविक मकवानपुर जिल्ला चित्लाङ गा.वि.स. वडा नं. १ र टिस्टुङ वडा नं. ६ को जग्गाहरु

(क) अन्य कच्ची मोटरबाटोले छोएको दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. १२,५४,०००।-

(ख) गोरेटोबाटोले छोएका दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. ५,९४,०००।-

(ग) अन्य जग्गा प्रतिरोपनी रू. ...........

| विवरण | अब्बल | दोयम | सीम | चाहार |
|---|---|---|---|---|
| खेत | ३,९६,०००।- | ३,०२,०००।- | २,६४,०००।- | १,९८,०००।- |
| पाखा | १,१०,०००।- | ७७,०००।- | ६०,५००।- | ४०,०००।- |

## २. धुनिवेशी न.पा. वडा नं. १ (साविक छत्रेदेउराली गा.वि.स. (वडा नं. १ र ५ बाहेक)

(क) वडा नं. ३(क), ५(घ), ६(क), ७(च), ७(छ), ८(च), ९(ङ), ९(च), भिमढुङ्गा लामीडाँडा सडकले छोएका दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. २५,००,०००।-

(ख) धार्के सितापाइला बैकल्पिक मार्ग कच्ची मोटरबाटोले छोएको दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. २०,००,०००।-

(ग) माथि उल्लेखित नक्सा नं. मा पर्ने कच्ची मोटरबाटोले छोएका दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. १३,९०,०००।-

(घ) माथि उल्लेखित नक्सा नं. बाहेक अन्य कच्ची मोटरबाटोले छोएका दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. ११,८०,०००।-

(ङ) गोरेटो बाटोले छोएका दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. ७,००,०००।-

(च) अन्य जग्गा (वडा नं. १ र ५ बाहेक) प्रतिरोपनी रू. ...........

| विवरण | अब्बल | दोयम | सीम | चाहार |
|---|---|---|---|---|
| खेत | ३,७०,०००।- | ३,१०,०००।- | २,७५,०००।- | २,००,०००।- |
| पाखा | १,४५,०००।- | १,३५,०००।- | ९५,०००।- | ८५,०००।- |

## ३. धुनिवेशी न.पा. वडा नं. २, ३, ४ र ५ (साविक जीवनपुर गा.वि.स. तथा छत्रेदेउराली गा.वि.स. वडा नं १ र ५ )

(क) वडा नं. १(क), १(ग), २(ग), २(घ) भिमढुङ्गा लामीडाँडा सडकले छोएका दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. २२,७५,०००।-

(ख) धार्के सितापाइला बैकल्पिक मार्ग कच्ची सडकको दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. १९,७५,०००।-

(ग) माथि उल्लेखित नक्सा नं. मा पर्ने कच्ची मोटरबाटोले छोएका दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. १३,९०,०००।-

(घ) माथि उल्लेखित नक्सा नं. को बाटो बाहेक अन्य नक्साहरुले छोएका कच्ची मोटरबाटोको दायाँबायाँका जग्गाहरु प्रतिरोपनी रू. ११,८०,०००।-

(ङ) गोरेटो बाटोले छोएका दायाँबायाँका जग्गाहरू प्रतिरोपनी रू. ४,८०,०००।-

(च) अन्य जग्गा (वडा नं. १ देखि ९ सम्म, र छत्रेदउराली वडा नं. १ र ५ समेत) प्रतिरोपनी रू. ...........

| विवरण | अब्बल | दोयम | सीम | चाहार |
|---|---|---|---|---|
| खेत | २,९०,०००।- | २,२५,०००।- | १,५५,०००।- | १,२०,०००।- |
| पाखा | १,१०,०००।- | ८५,०००।- | ७५,०००।- | ६०,०००।- |

# अन्य निर्णयहरु:-

## निर्णय नं. २:-

घरको न्यूनतम मूल्याङ्कन कायम गर्दा पक्की घरको हकमा सम्बन्धित स्थानीय तहबाट प्राविधिक प्रतिवेदन सहित घरको मूल्य निर्धारण भई आएको सिफारिस बमोजिम कायम गरिनेछ । कच्ची घरको न्यूनतम मूल्य रू. ५,००,०००।- र गोठ/टहराको मूल्य रू. ३,००,०००।- कायम गरिने छ । साथै श्रेष्ता पुर्जामा घर कायम नभई कुनै पनि लिखतमा घरको मुल्य उल्लेख गरी पारित गरिने छैन।

## निर्णय नं. ३:-

राजमार्गको दायाँबायाँ ५० मिटर भित्र पर्ने तर घडेरी प्रयोजनमा नआउने जग्गा तथा अन्य जग्गाहरुको हकमा न्यूनतम मूल्याङ्कन वास्तविक कारोवार मूल्य भन्दा बढी भयो भनी नगरपालिका/गाउँपालिकाको सिफारिसमा  सर्जमिन मूचुल्का सहित सम्बन्धित जग्गाधनीले मालपोत कार्यालयमा निवेदन दिएमा नापी कार्यालयको प्राविधिक कर्मचारी, मालपोत कार्यालय रजिष्ट्रेशन फाँटका कर्मचारी र जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि समेतको संयुक्त टोलीलाई सम्बन्धित फिल्डमा खटाई निजहरुले फिल्डमा गई न.पा./गा.पा. वडा अध्यक्षको रोहवरमा गरेको स्थलगत

सर्जमिन मुचुल्का र फिल्ड प्रतिवेदन, नक्शा ट्रेस उतारको आधारमा मालपोत कार्यालयले साधारण मूल्याङ्कनको दोब्बरमा नघट्ने गरी वास्तविक कारोवार मूल्य मध्ये बढी हुन आउने मूल्यलाई मूल्याङ्कन कायम गरिने छ ।

## निर्णय नं. ४:-

भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी मापदण्ड बमोजिम वर्गिकरण भई आएका जग्गाहरुको न्यूनतम मूल्य निर्धारण गर्ने सम्बन्धमा देहाय बमोजिम हुनेछ ।

(अ) वर्गिकरणमा औद्योगिक क्षेत्र तथा व्यवसायिक क्षेत्र भित्र पर्ने जग्गाहरुको न्यूनतम मूल्य सोहि स्थानको कच्ची मोटरबाटो सरहको मूल्य वा घरबाटो सिफारिस बमोजिम कायम हुने मूल्य मध्ये बढी हुन आउने मूल्यलाई कायम गरिनेछ ।

(आ) आवासीय क्षेत्रभित्र पर्ने जग्गाहरुको न्यूनतम मूल्य सम्बन्धित वडाको गोरेटो बाटो सरहको मूल्य वा घरबाटो सिफारिस बमोजिम कायम हुने मूल्य मध्ये बढि हुन आउने मूल्यलाई कायम गरिने छ ।

(इ) कृषि क्षेत्रको हकमा घरबाटो नभएको सिफारिस आएमा सम्बन्धित वडाको घरबाटो नभएको खेत तर्फको जग्गाको किसिम (अब्बल, दोयम, सीम, चाहार) अनुसारको मूल्य कायम गरिने छ । बाटो प्रकार खुली आएका जग्गाहरुको हकमा भने घरबाटो सिफारिस बमोजिम नै कायम हुनेछ ।

(ई) कृषि, आवासीय, व्यवसायिक र औद्योगिक क्षेत्र बाहेक अन्य वर्गिकरणमा पर्ने घरबाटो नभएका जग्गाहरुको हकमा न्यूनतम मूल्य कायम गर्दा सम्बन्धित वडाको घरबाटो नभएको खेत तर्फको जग्गाको किसिम (अब्बल, दोयम, सीम, चाहार) अनुसारको मूल्यमा ५% थप गरी न्यूनतम मूल्य कायम गरिनेछ । बाटोको प्रकार खुली आएका जग्गाहरुको हकमा भने घरबाटो सिफारिस बमोजिम नै कायम हुनेछ ।

(उ) माथि बुँदा (इ) र (ई) मा उल्लेख भएबमोजिम खेत तर्फको जग्गाको किसिम (अब्बल, दोयम, सीम, चाहार) अनुसारको मूल्य कायम गरिनेछ भनिएता पनि रुवीभ्याली गा.पा. अन्तर्गतको साविक तिप्लिङ गा.वि.स र लापा गा.वि.स. को हकमा भने पाखो किसिमको मूल्याङ्कनलाई नै न्यूनतम मूल्य कायम गरिनेछ ।

## निर्णय नं. ५:-

बुढीगण्डकी जलविद्युत आयोजनाको अधिग्रहणमा र डुबानमा परेका छुट जग्गाहरुको न्यूनतम मूल्याङ्कन आ.व. २०७६।७७ बमोजिम नै हुनेछ ।

## निर्णय नं. ६:-

राजकुलो सँग जोडिएको भनी आएको सिफारिसलाई कच्ची मोटरबाटो सरह र गल्ली सँग जोडिएको भनी आएको सिफारिसलाई गोरेटो बाटो सरह मानिने छ ।

## निर्णय नं. ७:-

साविक कित्ताबाट कि.का. भई कायम रहेका कित्ताहरुको हकमा समेत साविक कि.नं. कै मूल्याङ्कन कायम गरिनेछ ।

## निर्णय नं. ८:-

माथि उल्लेखित निर्णयहरु बाहेक कुनै विषयमा निर्णय लिनुपर्ने भएमा निगरानी निकाय (Oversight Agency) हरुबाट समेत प्राप्त निर्देशन, परिपत्र, प्रतिवेदन तथा प्रचलित ऐन, कानुन र नीति नियमहरुका आधारमा निर्णय लिइनेछ । साथै यस मूल्याङ्कनको कार्यान्वयनमा कुनै द्विविधा भएमा तालुक निकायहरु (भूमि व्यवस्थापन तथा अभिलेख विभाग, नापी विभाग आदि) सँग राय परामर्श गरी निकास भए बमोजिम कार्यान्वयन गरिनेछ ।

## निर्णय नं. ९:-

नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको च.नं. ४१११ मिति २०८२।०३।२७ को पत्र बमोजिम, जग्गाको चलन चल्तीको वास्तविक मूल्य भन्दा हाल कायम रहेको घरजग्गाको न्यूनतम मूल्याङ्कन पूस्तिका बमोजिम कायम हुन आउने न्यूनतम मूल्याङ्कन अत्यधिक धेरै हुन गएको भनी जनगुनासो आएकोले हाल कायम मालपोतको न्यूनतम मूल्याङ्कन दरमा समायोजन हुने गरी आवश्यक व्यवस्था मिलाउनु हुन भनि सिफारिस भई आएको हुँदा, तत् सम्बन्धमा न्यूनतम मूल्याङ्कन अधिक भई मर्कामा परेका जिल्ला भित्रका जग्गाहरुको वास्तविक, वस्तुनिष्ठ, र यथार्थपरक एवम् वैज्ञानिक किसिमको घरजग्गाको न्यूनतम मूल्याङ्कन कायम गर्ने सम्बन्धमा जिल्लाभित्रका सम्पूर्ण स्थानीय तहहरु सँग एक महिना भित्र मालपोत कार्यालयले यथार्थ विवरणहरु माग गर्ने र विवरण प्राप्त भइसकेपछि न्यूनतम मूल्य निर्धारण समितिमा पेश गर्ने, उक्त समितिले हाल कायम रहेको न्यूनतम मूल्याङ्कन संशोधन स्वीकृतिका लागि मालपोत नियमावली, २०३६ को नियम ५(ख) को उपनियम (४) बमोजिम नेपाल सरकार समक्ष पेश गर्ने निर्णय गरियो।

**द्रष्टव्यः-**

- घरजग्गाको वास्तविक कारोवार भन्दा कम हुने गरी कुनै व्यहोराले राजश्व कम गराई लिखत पारित गराएको कुरा पछि कार्यालयलाई जानकारी हुन आएमा नपुग रकम सम्बन्धित व्यक्ति वा संघसंस्थाको घरजग्गा रोक्का राखी सरकारी बाँकी सरह कारवाही चलाई असुल उपर गरिने छ । यसरी राजश्व कम गर्न दुरुत्साहन गर्ने/गराउने समेतलाई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिने छ ।
- राजमार्गको पक्की तथा कच्ची सडकले छुने वडा नं., नक्सा नं. को जग्गाको रजिष्ट्रेशन लिखत पारित हुन आउँदा घरबाटोको सिफारिसमा कुनै शंका लागेमा तथा लिखत पारित हुनु अगावै स्थानीय निकायको सिफारिस यथार्थपरक नरहेको भनी सूचना प्राप्त हुन आएमा मालपोत कार्यालयले सम्बन्धित न.पा./गा.पा. को कार्यालयमा, नापी कार्यालयमा बुझी यकिन गरि मूल्याङ्कन कायम गर्न सकिनेछ ।
- घरबाटोको सिफारिसको म्याद एक आ.व.मा अधिकतम ३५ दिन सम्म मान्य हुनेछ । न्यूनतम मूल्याङ्कनका लागि स्थानीय निकायको सिफारिस सम्बन्धित जग्गाधनीको हकमा मात्र लागु हुनेछ ।
- कुनै घरबाटो सिफारिसमा दोहोरो अर्थ लाग्ने भएमा उच्च मूल्यलाई मान्यता दिइनेछ ।
- लिखत तथा पारितका लागि पेश भएका अन्य कागजातमा उल्लेखित व्यहोरा/विवरणमा कार्यालयलाई शंका लागेमा स्थलगत निरीक्षण गरी गराई निरीक्षणबाट देखिन आए बमोजिम हुनेछ ।
- लिखत पारित गर्दा यथार्थ र वास्तविक मूल्य खुलाउनु पर्नेछ । एकपटक पारित भएको लिखतको थैली अङ्कलाई घटाउन पाइने छैन । यस पुस्तिकामा उल्लेखित मूल्यभन्दा कम मूल्य राखि लिखत पारितको लागि पेश गर्न पाइने छैन ।

- कार्यालयमा एकपटक पेश भइसकेको कागजात फिर्ता हुने छैन । तर स्पष्ट कारण सहित पेश भईसकेको कागजात फिर्ता पाउँ भनी सम्बन्धित सरोकारवालाले निवेदन दिएमा कार्यालय प्रमुखलाई मनासिव लागेको खण्डमा माग भएको कागजात फिर्ता दिन सकिनेछ ।
- स्थानीय तहले घरबाटो सिफारिस गर्दा सम्बन्धित जग्गाको नक्सा समेत संलग्न राखि सिफारिस गर्नुपर्नेछ । यसका लागि सम्बन्धित पालिकाहरुले वडागत जग्गाको नापनक्सा , क्षेत्रफल, सडक, बाटो, कुलो आदि विवरणहरु यकिन गरि अद्यावधिक गराई राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।
- घरबाटोको सम्बन्धमा नक्साबाट यकिन हुन नसके आवश्यकता अनुसार कार्यालयले सम्बन्धित जग्गाको फिल्डबुक समेत झिकाई यकिन गर्न सकिनेछ ।
- स्थानीय तहले घरबाटो सिफारिस गर्दा मूल्याङ्कन पूस्तिकाको पाना नं., खण्ड र बुँदा नं. समेत स्पष्ट खुलाई यसै मूल्याङ्कन पुस्तिकाको अनुसूची-१ अन्तर्गत घरबाटो सिफारिसको नमुना बमोजिमको ढाँचामा खुलाई अनिवार्य रुपमा कम्पुटर टाइप गरी पठाउनु पर्नेछ ।
- अंशवण्डा, अंश बुझेको भर्पाई तथा तीन पुस्ता भित्रको वकस को लिखत पारित गर्दा स्पष्ट नाता खुल्ने कागजात तथा नाता प्रमाणित प्रमाणपत्र सहित पेश गर्नुपर्नेछ ।
- रजिष्ट्रेशन दस्तुर तथा लाभकर रकमको सम्बन्धमा मालपोत कार्यालयबाट यकिन गरेपश्चात मात्र सम्बन्धित शिर्षकको रकम बैंक दाखिला गरी बैंक भौचरको कार्यालय प्रतिको सक्कल, लिखतसाथ अनिवार्य पेश गर्नुपर्नेछ ।
- कार्यालयमा पेश भएका लिखतमा केरमेट भएको तथा व्यहोरा स्पष्ट नखुलेको भए त्यस्तो लिखत पारित गर्न कार्यालय बाध्य हुने छैन।

# अनुसूचीः

## अनुसूची-१ घरबाटो सिफारिसको नमुनाः

..............कार्यालय,

..................

प.सं.

च.नं.                                                                 मितिः

विषयः- घरबाटो प्रमाणित गरिएको बारे ।

श्री मालपोत कार्यालय,

धादिङ् ।

प्रस्तुत विषयमा साविक..................गा.वि.स. हाल ......... नगर/गाउँपालिका अन्तर्गत वडा नं. ......... मा बस्ने श्री............को नाती...........छोरा/छोरी/पत्नी श्री ................ ले घरबाटो प्रमाणित गरि पाउँ भनी यस ......... पालिका वडा नं. ....... को कार्यालयमा दिनु भएको निवेदन अनुसार निजको नाममा यस वडा अन्तर्गत दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको जग्गामा निम्नानुसार घर-बाटो भएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | साविक गा.वि.स. | वडा नं./सिट नं. | कि.नं. | क्षेत्रफल | घर को किसिम | बाटोको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १.<br>२.<br>३.<br>४.<br>. | जग्गाधनी प्रमाण पुर्जा बमोजिम खुलाई लेख्नु पर्ने | | | | घर बाटो भए नभएको व्यहोरा, घरबाटोको किसिम तथा मूल्याङ्कन पुस्तिकाको पाना नं. - को खण्ड _ को बुँदा --- बमोजिम भनी खुलाई लेख्नु पर्ने | | वर्गीकरण लगायत अन्य केही कैफियत भए उल्लेख गर्ने |

## <u>सन्दर्भ सामग्रीः-</u>

- धादिङ मालपोत कार्यालय, घर जग्गाको न्यूनतम मूल्याङ्कन पूस्तिका आ.व. २०८१।८२,
- नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको च.नं. ४१११ मिति २०८२।०३।२७ को सिफारिस पत्र
- नीलकण्ठ न.पा. च.नं. ३८५५ मिति २०८२।०३।१० को सिफारिस पत्र,
- नीलकण्ठ न.पा. वडा नं. ३ को च.नं. २७९४ मिति २०८२।०३।०८ को सिफारिस पत्र
- नीलकण्ठ न.पा. वडा नं. ८ को च.नं. १६८३ मिति २०८२।०३।०९ को सिफारिस पत्र,
- नीलकण्ठ न.पा. वडा नं. ४ को च.नं. १८६६ मिति २०८२।०३।१० को सिफारिस पत्र,
- नीलकण्ठ न.पा. वडा नं. १२ को च.नं. १४७८ मिति २०८२।०३।०९ को सिफारिस पत्र,
- बेनीघाट रोराङ गा.पा. को च.नं. ३२४० मिति २०८२।०३।०८ को सिफारिस पत्र,
- गजुरी गा.पा. को च.नं. २३३९ मिति २०८२।०३।१० को सिफारिस पत्र,
- थाक्रे गा.पा को च.नं. ४१९८ मिति २०८२।०३।१२ को सिफारिस पत्र,
- गल्छी गा.पा. को च.नं. २८५१ मिति २०८२।०३।१५ को सिफारिस पत्र,
- धादिङ् जिल्लाको स्थानीय तहहरु, साविकका गा.वि.स. हरु/ne.wikipedia.org
- धादिङ जिल्ला का स्थानीय तह र साविकका गा.वि.स. हरु सम्बन्धी, जिल्ला समन्वय समिति धादिङ बाट प्राप्त विवरण
- आ.व. २०८१।८२ का विभिन्न जिल्लाहरुको न्यूनत मूल्याङ्कन पूस्तिका, /dolma.gov.np
- मालपोत ऐन, २०३४, नियमावली २०३६